STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ६ गते आइतबार ❑ 22 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सामाजिक सञ्जालमा हुने विज्ञापनलाई करको दायरामा ल्याउन निर्देशन

**रासस**
**काठमाडौं, ५ भदौ**

सूचना प्रविधिको विकासले संसारलाई एउटा सानो गाउँमा सीमित गरिदिएको छ । इन्टरनेट सेवाको विकास र विस्तारले मानिसको दैनिक जीवनलाई सहज बनाएको भए पनि त्यसबाट प्राप्त हुने सरकारी राजश्व गुम्दै गएको पाइएको छ।

महालेखापरीक्षकको कार्यालयले सामाजिक सञ्जाल एवं एपमार्फत हुने विज्ञापन तथा अन्य व्यावसायिक कामको जानकारी सरकारी निकायमा नभएको स्पष्ट पारेको छ। इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइबर, मेसेन्जर, स्काइप, ह्वाट्स एप, वीच्याट र इमोको प्रयोग पनि उत्तिकै वृद्धि भएको छ। त्यस्ता सञ्जालको प्रयोगकर्ता पनि दिनप्रति दिन बढिरहेका छन्। यस्तै, बैठक, गोष्ठी, सेमिनार सञ्चालन गर्ने जुम, वेभेक्स, सिस्को जस्ता एपहरु नेपालमा निर्वाध रुपमा सञ्चालनमा छन्। कतिपय सेवाका लागि अमेरिकी डलर खाताबाट भुक्तानी भइरहेको छ । त्यस्तो भुक्तानी गरिदा नेपालको कुनै पनि प्रणालीमा दर्ता नभएको तथा करको दायरामा आएका छैनन्।

आयकरऐनकोदफा६७अनुसार नेपालको कराधार क्षेत्रभित्र पार्नुपर्ने भए पनि सरकारले त्यसतर्फ पहल गरेको छैन । महालेखापरीक्षकको ५८औँ प्रतिवेदनले सामाजिक सञ्जालमार्फत हुने अमेरिकीडलरकोभुक्तानीकोविवरण समेत सरकारलाई थाहा नभएको तथा राजश्वको दायरामा नआएको भन्दै आपत्ति प्रकट गरेको छ। त्यस्तो सेवा प्रदान गर्ने सेवा प्रदायकलाई नेपालमा दर्ता गराई राजश्व असुल गर्ने व्यवस्था गर्नुपर्ने महालेखाले ठहर गरेको छ । सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्वको आधार फराकिलो बनाउन जोड दिँदै महालेखाले इ-कमर्स तथा भाइबर, म्यासेन्जर, स्काइप, विच्याट, फेसबुकलगायत सामाजिक सञ्जालमा हुने अनलाइन विज्ञापनलाई व्यवस्थित गर्न भनेको छ।

ती क्षेत्रलाई करको दायरामा ल्याउन महालेखाले सरकारलाई निर्देशन दिएको छ । कुनै पनि विज्ञापन तथा सूचना प्रकशन तथा प्रसारण गरे वापत दैनिक नै ठूलो मात्रामा भुक्तानी हुने गरेको छ । सामाजिक सञ्जालमा स्पष्ट रुपमा विज्ञापन तथा सूचना देखिएपनि त्यसको भुक्तानी कार्डमार्फत हुने गरेको छ तर देशको राजश्व प्रशासनलाई त्यसबारेमा जानकारी नहुँदा सरकारको आम्दानी गुमिरहेकाले कानून बनाएर नियमन गर्न महालेखाले निर्देशन दिएको छ।

## पोखरा फुटबल रङ्गशालामा 'फ्लड लाइट' राखिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौ**

पोखरा फुटबल रङ्गशालामा फ्लड लाइट (बत्ती) राखिने भएको छ । अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशालामा रात्रिकालिन प्रतियोगिता सञ्चालनका लागि 'फ्लड लाइट' अनिवार्य रहेकाले राष्ट्रिय खेलकुद परिषद्ले यस वर्ष रु पाँच करोड बजेट विनियोजन गरेर काम सुरु गर्ने भएको हो।



रङ्गशालाको काम तीन वर्षअघिदेखि सुरु भएकामा हाल अन्तिम चरणमा पुगेको छ। रु एक अर्ब २८ करोड लागतमा निर्माण सुरु भइरहेको रङ्गशालामा सुरुआतमा 'फ्लड लाइट' र 'स्कोर बोर्ड' राख्ने योजना थिएन। अन्तर्राष्ट्रियस्तरका फुटबल प्रतियोगिताका लागि रङ्गशालामा लाइट अनिवार्य छ । पोखराका खेलकर्मीले सुविधासम्पन्न फुटबल रङ्गशालामा बत्ती राख्ने व्यवस्था गर्न पटक पटक राखेपको ध्यानाकर्षण गराएका थिए । क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण नाथ योगीले रु पाँच करोड बजेट विनियोजन भएकाले यसै वर्ष बोलपत्र आह्वान भएर 'फ्लड लाइट' जडानको काम सुरु हुने बताउनुभयो । रङ्गशालाको चारै कुनामा बत्ती राखिने छ । उहाँले भन्नुभयो, "फिफाको नियमानुसार अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि लाइट अनिवार्य छ, यस वर्ष सोका लागि राखेपको रातो किताबमा बजेट विनियोजन भएर आएको छ, यसै वर्ष काम हुन्छ।" जिल्ला फुटबल सङ्घका अध्यक्ष मिलन गुरुङले 'फ्लड लाइट' जडानसँगै पोखरा रङ्गशालामा अन्तर ाष्ट्रियस्तरका प्रतियोगिताका लागि ढोका खुल्ने बताउनुभयो । साँझ तथा रातिका खेलका लागि बत्ती अनिवार्य रहेको र सो नहुँदासम्म फिफाले स्वीकृति प्रदान नगर्ने भएकाले द्रुतगतिमा काम हुनुपर्ने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "फ्लड लाइट' भएपछि रङ्गशालामा धेरै अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल र अन्य प्रतियोगिता गर्न बाटो खुल्नेछ।" अन्तर्राष्ट्रिय फुटबल रङ्गशालाको हालसम्म ९० प्रतिशत काम सकिएको छ । सोह्र हजार ५०० दर्शक क्षमताको प्यारापिट तयारी अवस्थामा छ।

यसैगरी अति विशिष्ट कक्षको प्यारापिटमा छानो छाउने काम सकिएको निर्माण कम्पनी भारतीय ग्रेट स्पोर्टस् एण्ड एमएम कन्स्ट्रक्सनका इञ्जिनियर पुरुषोत्तम बरालले बताउनुभयो। रङ्गशालामा अहिले खेलाडी बस्ने कक्ष( प्लेयर बक्स),चेञ्जिङ रुम र प्रि इञ्जिनियरिङ भवनको फिनिसिङ तथा रङरोगनको काम भइरहेको छ। इञ्जिनियर बरालले भन्नुभयो, "आगामी अक्टोबरभित्रमा फुटबल रङ्गशालाको सम्झौताअनुसारको सबै काम सम्पन्न गरेर हस्तान्तरणको तयारीमा छौं ।" पोखरामा चार दशकअघि निर्माण गरिएको फुटबल रङ्गशालाको प्यारापिट विसं २०७२ को भूकम्पले क्षति पुगेपछि नयाँ निर्माण सुरु गरिएको थियो।

## पारिश्रमिकको रकम सामाजिक सेवामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौ**

गण्डकीप्रदेशका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले प्रदेशबाट प्राप्त हुने पारिश्रमिकवापतको रकम सामाजिक सेवामा खर्च गर्नुभएको छ। उहाँले प्रदेश सरकारबाट प्राप्त गर्ने पारिश्रमिक रकमबाट शनिबार पोखरा-३३ भरतपोखरीका युवालाई १५ थान भलिबल र जाली हस्तान्तरण गर्नुभएको छ।



कार्यक्रममा मन्त्री थापाले सांसद हुँदादेखि नै प्रदेश सरकारबाट प्राप्त हुने तलबभत्तामा केही आफूले पनि थपेर सामाजिक सेवासँगै विकास निर्माणमा समेत खर्च गर्दै आएको बताउनुभयो। कार्यक्रममा नेपाली कांग्रेस पोखरा-३३ भरतपोखरीका सभापति रामचन्द्र पौडेलले जनताले अनुभूति गर्ने गरी काम गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा पार्टीका पूर्व जिल्ला सदस्य विष्णु पौडेल, महासमिति सदस्य केशवप्रसाद निर्दोषी र पोखरा-३३ भरतपोखरी तरुण दलका सभापति भूपेन्द्र थापालगायतले आफ्नो भनाइ राख्नुभएको थियो।

## दुई हजार ७५ संक्रमित, ३० को मृत्यु

**रासस**
**काठमाडौं, ५ भदौ**

बितेका २४ घण्टामा दुई हजार ७५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। नयाँ बिरामी थपिएसँगै देशभर सङ्क्रमितको सङ्ख्या आठ लाख २५ हजार ७२२ पुगेको छ।

थप सात हजार ७०३ जनाको पिसिआर परीक्षण तथा पाँच

बाँकी अन्तिम पृष्ठमा ▶▶

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !

प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो ।

कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ठ विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।

विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५१२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## साना तथा स्वरोजगारमूलक छापामाध्यम सङ्कटमा

**रासस**
**काठमाडौं, ५ भदौ**

साना तथा स्वरोजगारमूलक छापामाध्यम सङ्कटमा परेको एक अध्ययनले देखाएको छ।

छापा सञ्चारमाध्यमको छाता सङ्गठन नेपाली छापामाध्यम राष्ट्रिय सञ्जालले हालै गरेको अध्ययनले कोरोना महामारीलगायतका कारण त्यस्ता पत्रपत्रिकाको अवस्था थप धरासायी बन्दै गएको निष्कर्ष निकालेको हो । उक्त अध्ययन प्रतिवदनमा छपाइ कागजको अभाव, कागजको मूल्यवृद्धि, विज्ञापनको सङ्कटका साथै पत्रपत्रिका संरक्षणमा राज्यबाटसमेत स्पष्ट नीति एवं राहत प्याकेजको अभाव रहेको उल्लेख छ। सञ्जालले साना एवं स्वरोजगारमूलक मिडियाका वास्तविक कठिनाइ बुझेर वैज्ञानिक र व्यावहारिक समाधानको पहल थाल्न सरकारसँग अनुरोध पनि गरेको छ । पत्रपत्रिका प्रकाशन गर्ने छापाखाना बन्द हुँदा प्रकाशक, पत्रकार, कर्मचारीका आश्रित परिवारले ठूलो सङ्कटको सामना गर्नु परिरहेको प्रतिवेदनमा उल्लेख छ । त्यस्ता पत्रपत्रिका लोपोन्मुख अवस्थामा पुगेको, राज्य तहबाट समानुपातिक विज्ञापनको न्यायोचित व्यवस्था हुन नसकेको, विज्ञापनको नियमित स्रोत शून्य स्थितिमा रहेको, स्वरोजगार मूलक अखबारका प्रकाशकले जायजेथा बेचेर पत्रकार-कर्मचारी पाल्नुपर्ने अवस्था रहेको, छपाइ कागज महँगो हुँदा खरिदमा समस्या रहेको प्रतिवेदनमा औँल्याएको छ।

लोककल्याणकारी विज्ञापनको रकम समयानुकूल नभएको, साना लगानीका स्थानीय स्वरोजगार मूलक पत्रिकालाई ऋण सहज नभएको, श्रमजीवी पत्रकारको कोरोना बीमा नभएको, राज्यबाट पाउनुपर्ने उद्योगअन्तर्गतको सुविधा, विद्युत्, करलगायतका सुविधा पाउन नसकेको, व्यावसायिक ऋण दिइने प्रतिबद्धता कार्यान्वयनन भएको, छापामाध्यमका लगानीको सुरक्षा तथा सम्वर्द्धन नीति लागू नभएको, कोभिड-१९ का कारण न्यूजप्रिन्टमा भएको मूल्यवृद्धिले आर्थिक भार थेग्न कठिन भएको तथा साना लगानीका छापामाध्यमको सेवासुविधामा विभेदकारी नीति जस्ता समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ।

सञ्जालले सूचना प्रविधिमा भएको विकाससँगै परम्परागत मौलिकता बोकेका छापामाध्यम अप्ठ्यारो अवस्थामा रहेकै बेला महामारीले थप थिलथिलो बनाएको बताएको छ । ऐतिहासिक महत्व बोकेका यस्ता सञ्चारमाध्यम कतिपय हराउन थालेको जटिल परिस्थितिबाट बचाउन प्रेस काउन्सिल नेपालसँगको सहकार्यमा अध्ययन गरी प्रतिवेदन तयार पारिएको नेपाली छापामाध्यम राष्ट्रिय सञ्जालले जनाएको छ।

प्रतिवेदन तयार गर्न सञ्जालले विभिन्न जिल्लामा स्थलगत भ्रमण गरी प्रकाशक, सम्पादक, पत्रकार, कर्मचारी एवं सरोकारवालासँग परामर्श, छलफल तथा अन्तर्क्रिया गरी गुनासा र सुझाव लिएको थियो। स्थलगत भ्रमणका क्रममा पत्रपत्रिका प्रकाशन, वितरण, श्रमजीवी पत्रकारको हक हितमा उत्पन्न समस्याका साथै समाधानका उपायसमेत सङ्कलन गरिएको थियो । साना लगानीका मिडिया प्रवर्द्धनमा राज्यबाट दिइने सहयोग एवं सुविधामा स्थानीय सरकारको भूमिकासमेत स्पष्टसँग परिभाषित हुनुपर्ने माग गरिएको छ।

प्रतिवेदनमा आमसञ्चार माध्यमलाई सस्तो ब्याजमा ऋण सुविधा, नवीकरण दस्तुर, रोयल्टीमा सहुलियत उपलब्ध हुनुपर्ने, साना लगानीका छापामाध्यमको व्यवस्थापनका लागि छुट्टै रणनीति तय हुनुपर्ने, मिडियाको वर्गीकरणलाई वैज्ञानिक र पारदर्शी बनाउन प्रेस काउन्सिल नेपालको पुनसंरचना गरी स्थानीय तहसम्म विस्तार गर्नुपर्ने, साना लगानीका छापामाध्यममा आबद्ध पत्रकारका लागि रोजगार बैंकको प्रबन्ध गर्नुपर्ने, राज्य तहबाट तत्काल राहत प्याकेज घोषणा गरिनुपर्नेलगायत सुझाव पनि दिइएको छ। छापामाध्यमका समस्या र समाधानका उपाय समेटिएको उक्त प्रतिवेदन शुक्रबार सञ्जालका महासचिव किशोर श्रेष्ठ र प्रेस काउन्सिलका सदस्य ठाकुर बेल्बासेले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्याललाई हस्तान्तरण गर्नुभएको छ। प्रतिवेदन कार्यान्वयन भए स्वरोजगारमूलक पत्रपत्रिकाको जगेर्ना भई श्रमजीवी पत्रकारको हितमा आधारस्तम्भ सावित हुने सञ्जालको विश्वास छ।

सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# व्यावसायिक पशुपालनसँगै डाँलेघाँसका बिरुवाको माग बढ्दो

–हरि बाँस्तोला
**गण्डकी, ५ भदौ**

डिभिजन वन कार्यालय कास्कीद्वारा सञ्चालित वन नर्सरीमा डाँलेघाँसका बिरुवाको माग अत्यधिक रहेको छ। वैदेशिक रोजगारीबाट फर्केका युवा वर्ग व्यावसायिक पशुपालनतर्फ लागेसँगै डाँलेघाँसका बिरुवाको माग ह्वात्तै बढेको हो।

कोरोना महामारीसँगै मुलुकमा व्यावसायिक पशुपालक कृषकको स‍ट्या बढेको कारण वन नर्सरीमा उत्पादित राईखनियो, वडहर, टाँकी, इपिलइपिललगायतका रु एक लाख ५० हजार डाँलेघाँसका बिरुवा निःशुल्क वितरण गरिएको डिभिजन वन अधिकृत केदार बरालले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षमा घाँस र फलफूलका बिरुवाको माग लिएर आउने अधिकांश युवा वर्ग रहेको बताउँदै उहाँले विदेशबाट फर्केका युवाको व्यावसायिक बाख्रापालनतर्फ आकर्षण बढेसँगै डाँलेघाँसका बिरुवाको माग बढेको बताउनुभयो। 'विगतमा डिभिजन वन कार्यालयद्वारा महेन्द्रगुफामा स्थापना गरी सञ्चालन उपलब्ध गराएको थप रु दुई लाख आर्थिक सहयोगले चारवटा नर्सरीबाट उत्पादित बिरुवा कृषकलाई वितरण भइरहेको छ।'

बिरुवा उत्पादनका लागि प्रत्येक नर्सरीलाई रु ५० हजारका दरले उपलब्ध गराइएको थियो। वन नर्सरीमा बिरुवा उत्पादन गर्नका लागि आवश्यक झाडी सरसफाइ, पोलिथिन ब्याग भर्ने, गोडमेल गर्ने कार्यमा छ महिनाका लागि धेरैले रोजगारसमेत प्राप्त गर्दै आएका छन्। डिभिजन वन कार्यालय कास्कीको बाटुलेचौरसँगै वन विज्ञान अध्ययन संस्थान, पोखरा महानगरपालिका-३० खुदीस्थित लेखनाथ सबडिभिजन वन कार्यालय, रानीवन र कुँडहर सबडिभिजन वन कार्यालय परिसरमा स्थापित नर्सरीमा डाँलेघाँसलगायत, फलफूल तथा जडीबुटी र काठका लागि उपयोगी विभिन्न जातका तीन लाख १८ हजार बिरुवा उत्पादन गरी वितरण गरिएको अधिकृत बरालको भनाइ छ। डिभिजन वन कार्यालयद्वारा स्थापना गरी सञ्चालनमा आएको पोखरा-१६ बाटुलेचौरको नर्सरीमा अत्याधुनिक प्रविधिसहितको वातानुकुलित हाइटेक निर्माण गरिएको छ। हाइटेकभित्र उमारिएका बिरुवा दुई पाते भएपछि पोलिथिन ब्यागमा राखेर बाहिर प्लाष्टिकको छहारीमा राखेर हुर्काउने व्यवस्था मिलाइएको छ। हाइटेकभित्र लगाइएको बीउ ७० प्रतिशतभन्दा बढी उम्रने गरेको छ। लेखनाथ सबडिभिजन वन कार्यालयका सहायक वन अधिकृत रामबहादुर विश्वकर्माका अनुसार नर्सरीमा जडीबुटी प्रजातिका कुरिलो, तेजपात, हर्रो, बर्रो, अमलालगायतका १० हजार र निमारो, लप्सी, रिठ्ठा, गुलमोहर, राईखनियो, इपिलइपिल, नास्पति, हलुवावेद, अम्बालगायतका ४० हजार बिरुवा उत्पादन गरेर निःशुल्क वितरण गरिएको छ।

पोखरा महानगरपालिका-३० द्वारा उपलब्ध गराइएको दुई रोपनी सार्वजनिक जग्गामा यसै वर्ष स्थापना गरी सञ्चालनमा आएको वन नर्सरीमा सबैभन्दा बढी डालेघाँसका बिरुवाको माग भएको उहाँको भनाइ छ। नर्सरीमा केही अन्य बिरुवा अहिले पनि रहेका भए पनि राईखनियोलगायतका डाँलेघाँसका बिरुवा माग भएअनुसारको किसानलाई पुऱ्याउन नसकिएको अधिकृत विकले राससँग गुनासो सुनाउनुभयो।

सबडिभिजन वन कार्यालय कुँडहर र रानीवनमा सञ्चालन गरिएको नर्सरीमा ३०/३० हजार र वन विज्ञान अध्ययन संस्थानको नर्सरीमा सात हजार राईखनियोसहित विभिन्न प्रजातिका ५० हजार बिरुवा उत्पादन गरिएको सहायक वन अधिकृत ममता गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार कोरोनाका कारण यस वर्ष कास्कीमा विभिन्न पर्व तथा लायन्स क्लबहरुले समेत विगतको तुलनामा वृक्षरोपण कार्यक्रम खासै नभएको कारण अन्य बिरुवाको तुलनामा बाख्रा फार्मबाट बढी डाँलेघाँसका बिरुवाको माग आएको हो।

सङ्घ सरकारकारमार्फत दुई लाख ४८ हजार ३३३ वटा बिरुवा उत्पादनका लागि रु ३८ लाख सशर्त अनुदान र गण्डकी प्रदेश सरकारबाट ६५ हजार बिरुवा उत्पादनका लागि रु १२ लाख प्राप्त भएको डिभिजन वन कार्यालय कास्कीका सहायक वन अधिकृत कमल लम्सालले जानकारी दिनुभयो।

कोरोना भाइरसको सङ्क्रमण बढेसँगै व्यापार व्यवसाय ठप्प भएपछि गाउँ फर्कने र विदेशबाट फर्केकाको रोजाइ गाउँको बाँझिएको जग्गामा डाँलेघाँस लगाउने र पशुपालन गर्नेतर्फ उन्मुख भएका कारण बिरुवाको माग बढेको सरोकारवालाको भनाइ छ।

# तनहुँका स्थानीय तहको बेरुजु ३४ करोड

**पोखरापत्र संवाददाता**
**दमौली, ५ भदौ**

तनहुँका स्थानीय तहले आर्थिक वर्ष २०७६/७७ मा रु ३४ करोडभन्दा बढी बजेट अनियमित तवरले खर्च गरेको पाइएको छ। महालेखा परीक्षकको कार्यालयले शुक्रबार सार्वजनिक गरेको ५८ औँ वार्षिक प्रतिवेदनअनुसार जिल्लाका दश स्थानीय तहले रु ३४ करोड ४९ लाख एक हजार अनुशासनविपरीत खर्च गरेको उल्लेख छ। दश स्थानीय तहको रु १२ अर्ब ३० करोड ३३ लाख ८७ हजारको लेखापरीक्षण गर्दा २.८० प्रतिशत बेरुजु देखिएको हो।

व्यास नगरपालिकामा रु दुई अर्ब ६४ करोड तीन लाख ८७ हजारको लेखापरीक्षण गर्दा रु १३ करोड पाँच लाख १८ हजार बेरुजु देखिएको छ। आँबुखैरेनी गाउँपालिकामा रु ९५ करोड ४६ लाख ४७ हजारको लेखापरीक्षण गर्दा रु दुई करोड ४७ लाख ३६ हजार, बन्दीपुर गाउँपालिकामा रु ८५ करोड १३ लाख ४४ हजारको लेखापरीक्षण गर्दा रु दुई करोड २१ लाख २७ हजार, भानु नगरपालिकामा रु एक अर्ब ५७ करोड ९७ लाखको परीक्षण गर्दा रु ७६ लाख ८८ हजार बेरुजु देखिएको छ। शुक्लागण्डकी नगरपालिकामा रु एक अर्ब ८० करोड ५० लाख छ हजारको लेखापरीक्षण गर्दा रु सात करोड १३ लाख ३५ हजार, ऋषिङ गाउँपालिकामा रु ९९ करोड पाँच लाख ६७ हजारको लेखापरीक्षण गर्दा रु चार करोड ३४ लाख ७९ हजार र घिरिङ गाउँपालिकामा रु ७१ करोड ८५ लाख ३८ हजारको लेखापरीक्षण गर्दा रु दुई करोड ८० लाख आठ हजार बेरुजु देखिएको छ। यस्तै म्याग्दे गाउँपालिकामा रु ८५ करोड १४ लाख ६२ हजारको लेखापरीक्षण गर्दा रु ३८ लाख १७ हजार, देवघाट गाउँपालिकामा रु ७७ करोड ५५ लाख ९० हजारको लेखापरीक्षण गर्दा रु ५५ लाख ९८ हजार र भिमाद नगरपालिकामा रु एक अर्ब १३ करोड ६१ लाख ४६ हजारको लेखापरीक्षण गर्दा रु ७५ लाख ९५ हजार बेरुजु देखिएको छ। व्यास नगरपालिकाले उक्त आर्थिक वर्षमा रु एक अर्ब ३० करोड ६४ लाख १२ हजार, आँबुखैरेनी गाउँपालिकाले रु ४५ करोड ६५ लाख, बन्दिपुर गाउँपालिकाले रु ३८ करोड ४३ लाख दुई हजार, भानु नगरपालिकाले रु ७४ करोड २६ लाख, शुक्लागण्डकी नगरपालिकाले रु ८४ करोड १४ लाख चार हजार, ऋषिङ गाउँपालिकाले रु ४७ करोड ८० लाख ९८ हजार, घिरिङ गाउँपालिकाले रु ३४ करोड ८४ लाख ६५ हजार, म्याग्दे गाउँपालिकाले रु ४० करोड २७ लाख नौ हजार, देवघाट गाउँपालिकाले रु ३५ करोड ९३ लाख १४ हजार र भिमाद नगरपालिकाले रु ५४ करोड ४५ लाख ९० हजार खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

स्थानीय तहले पूर्वतयारी विनाका आयोजना बजेटमा समावेश गरेको, आयोजनाको प्राथमिकीकरण गरी आयोजना बैंक बनाउने कार्य प्रभावकारी नभएको, कानूनले तोकेको सीमा नाघी रकमान्तर गरेको लगायतका सुधार गर्नुपर्ने विषय प्रतिवेदनमा उल्लेख गरिएको छ। आव २०७५/७६ मा दश स्थानीय तहको बेरुजु रु ३८ करोड २२ लाख रहेको थियो। उक्त आवभन्दा २०७६/७७ मा बेरुजु रकम घटेको छ तर आव २०७४/७५ मा भने जिल्लाका स्थानीय तहको बेरुजु रु १५ करोड मात्रै थियो। विगत दुई आवमा जिल्लाका स्थानीय तहमा बेरुजु रकम बढ्दो अवस्थामा छ।

# पहिरामा परी ज्यान गुमाएका सात परिवारलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ भदौ**

पहिरामा ज्यान गुमाएका तनहुँ र गोरखाका सात परिवारलाई आज आर्थिक सहयोग प्रदान गरिएको छ।

पूर्वमन्त्री एवं नेकां केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतको सक्रियतामा पहिरामा परी ज्यान गुमाएका परिवारलाई उक्त सहयोग प्रदान गरिएको हो। पहिरामा परी मृत्यु भएका परिवारलाई पूर्वमन्त्री बस्नेत र जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले उक्त सहयोग रकम हस्तान्तरण गर्नुभएको हो। व्यास नगरपालिका-१ निर्मलबस्ती निवासी सरस्वती घर्ती, बन्दीपुर गाउँपालिका-३ तामुङका सरस्वती थापा र हरिमाया सार्कीको पहिरामा परी ज्यान गएको थियो।

त्यसैगरी ऋषिङ गाउँपालिका-७ की देवीसरा थापा, वडा नं ८ का खुमबहादुर आलेको परिवारलाई आर्थिक सहयोग दिइएको हो। त्यसैगरी छिमेकी जिल्ला गोरखाको सिरानचोक गाउँपालिकाका श्रीमान श्रीमतीको पहिरामा परी मृत्यु भएका परिवारलाई पनि आर्थिक सहयोग दिइएको छ। रमनप्रसाद र नन्दकुमारी पाण्डेको पहिरामा परी मृत्यु भएपछि निजका छोरालाई रु ५० हजार आर्थिक सहयोग प्रदान गरिएको छ। पहिरामा परी ज्यान गुमाएका परिवारलाई जनही रु २५ हजारकादरलेआर्थिकसहयोगप्रदान गरिएको नेपाली कांग्रेस जिल्ला सचिव विश्व बाँस्तोलाले जानकारी दिनुभयो। उहाँका अनुसार कूल रु एक लाख ७५ हजार आर्थिक सहयोग दिइएको छ। केन्द्रीय सदस्य बस्नेतले विपद्को समयमा चहऱ्याइरहेको घाउमा मल्हम लगाउने कार्य गरिएको बताउनुभयो। पार्टीकोविपद्व्यवस्थापनसमितिको संयोजकसमेत रहनुभएका बस्नेतले दुःखमा साथ दिनुपर्छ भन्ने कांग्रेसको धर्म भएकाले सक्दो सहयोग जुटाएर सहयोग गरिएको बताउनुभयो।

# दुई हजार...

हजार ३७२ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो। पिसिआर विधिबाट एक हजार ४२४ तथा एन्टिजेनबाट ६५१ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। हालसम्म छ लाख ९५ हजार ९२५ जना कोरोनाबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर दुई हजार ३८२ सङ्क्रमित निको भएर घर फर्किएका छन्। निको हुने दर ९३ दशमलव तीन प्रतिशत रहेको छ। हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ३९ हजार ३२१ रहेको छ। बितेका २४ घण्टमा देशभर ६३ हजार ९६३ जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर ७१८ सङ्क्रमितको सघन उपचारकक्षमा तथा १६६ सङ्क्रमितको भेन्टिलेटरमा उपचार भइरहेको छ। पछिल्लो समय देशमा कोरोना भाइरसको सङ्क्रमणबाट थप ३० सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या १० हजार ४८५ पुगेको मन्त्रालयले जनाएको छ। शुक्रबार कोरोनाबाट २६ जनाको ज्यान गएको थियो।




# 'कृषिबाटै अर्थतन्त्र बलियो बनाउन सकिन्छ'

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ५ भदौ**

पूर्वमन्त्री पद्माकुमारी अर्यालले कृषिबाटै देशको अर्थतन्त्र बलियो बनाउन सकिने बताउनुभएको छ। वालिङ नगरपालिका-२ मा रहेको जनकल्याण साना किसान कृषि सहकारी संस्थाले गरेको बाख्रा पवर्द्धन कार्यक्रममा पूर्वमन्त्री अर्यालले कृषिमा आधुनिकीकरण गर्दै व्यावसायिक कृषि कर्म गरेमा कृषकसँगै देशको अर्थतन्त्र माथि उठाउन सकिने बताउनुभयो।

उहाँले सबै वडा कृषि उपजमा आत्मनिर्भर बनाउन आफू कृषिमन्त्री हुँदा थुप्रै कार्यक्रम ल्याएको र ती कार्यक्रमलाई निरन्तरता दिनसके किसानको आयआर्जनमा वृद्धि हुने बताउनुभयो। दूध, अण्डा, मासु र तरकारीजन्यवस्तुमात्रअर्बौंकोआयात हुने गरेको अवस्थामा समूहमार्फत व्यावसायिक कृषि गर्दै आयातलाई रोक्नु अहिलेको आवश्यकता रहेको पूर्वमन्त्री अर्यालको भनाइ थियो। कृषकले माटो सुहाउँदो फलफूल तथा तरकारी नलगाएकै कारण कृषकको आम्दानीमा कमी आएको उहाँले बताउनुभयो।

# कार्यविभाजन र राष्ट्रिय सम्मेलनको तयारीमा केन्द्रित

**रासस**
**काठमाडौं, ५ भदौं**

नेकपा(माओवादी केन्द्र) ले पार्टी नेताहरूको कार्य विभाजन, आसन्न पार्टीको राष्ट्रिय सम्मेलनको तयारीलगायतका विषयमा छलफल गरेको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समितिको बैठकले पार्टीको वडा तहसम्मको सङ्गठन विस्तार गर्दै चुस्त दुरुस्त सङ्गठन बनाउने र त्यसका लागि कुन नेतालाई के कस्तो जिम्मेवारी दिने विषयमा छलफल गरेको हो।

हालै सम्पन्न केन्द्रीय समितिको बैठकको दिशा निर्देशअनुसार पार्टीलाई व्यवस्थित रूपमा अगाडि बढाउने गरी छलफल केन्द्रित गरिएको माओवादीले जनाएको छ।


माओवादीले आगामी पुस ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलनको आयोजना गर्ने घोषणा गरेको छ। प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार राष्ट्रिय सम्मेलनको तयारी तथा अन्य साङ्गठनिक विषयमा शनिबारको बैठक केन्द्रित थियो। केन्द्रीय समितिको निर्णयअनुसार पार्टीका केन्द्रीय, प्रदेश र स्थानीय तहमा रहेको रिक्त पदमा परिपूर्ति गर्ने वा नगर्ने सन्दर्भमा विचार विमर्श भएको बताइएको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्बन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युवेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
– थोमस फुलर

## सम्पादकीय

# सामाजिक संजालका विज्ञापन खोज

सूचना प्रविधिको विकासले धेरै क्षेत्रमा परिवर्तन आएको छ । सूचना प्रविधिको क्षेत्रमा भएको विकासले संसारलाई एउटा सानो गाउँमा सीमित गरिदिएको छ । इन्टरनेट सेवाको विकास र विस्तारले मानिसको दैनिक जीवनलाई सहज बनाएको छ । विश्वलाई कोरोनाले आक्रान्त पारेको बेला ईन्टरनेटका कारण धेरै काम सहज बनेका छन । विज्ञानका शैली र माध्यम फेरिएका छन । फेरिएको शैली र प्रविधिको कारण विज्ञापनमा भएको खर्च कति भयो र राज्यले कति राजश्व पाउन सक्छ भनेर तयारी थाल्नुपर्ने हो । प्रविधिको विकासले गर्दा राज्यले फाईदा पाउनुपर्ने भए पनि त्यसबाट प्राप्त हुने सरकारी राजश्व गुम्दै गएको पाइएको छ ।

महालेखापरीक्षकको कार्यालयले सामाजिक सञ्जाल एवं एपमार्फत हुने विज्ञापन तथा अन्य व्यावसायिक कामको जानकारी सरकारी निकायमा नभएको स्पष्ट पारेको छ । इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइबर, मेसेन्जर, स्काइप, ह्वाट्स एप, वीच्याट र इमोको प्रयोग पनि उत्तिकै वृद्धि भएको छ । त्यस्ता सञ्जालको प्रयोगकर्ता पनि दिनप्रति दिन बढिरहेका छन् । यस्तै, बैठक, गोष्ठी, सेमिनार सञ्चालन गर्ने जुम, वेभेक्स, सिस्को जस्ता एपहरु नेपालमा निर्वाध रुपमा सञ्चालनमा छन् । कतिपय सेवाका लागि अमेरिकी डलर खाताबाट भुक्तानी भइरहेको छ । त्यस्तो भुक्तानी गरिदा नेपालको कुनै पनि प्रणालीमा दर्ता नभएको तथा करको दायरामा आएका छैनन् ।

आयकर ऐनको दफा ६७ अनुसार नेपालको कराधार क्षेत्रभित्र पार्नुपर्ने भए पनि सरकारले त्यसतर्फ पहल गरेको छैन । महालेखापरीक्षकको ५८औं प्रतिवेदनले सामाजिक सञ्जालमार्फत हुने अमेरिकी डलरको भुक्तानीको विवरण समेत सरकारलाई थाहा नभएको तथा राजश्वको दायरामा नआएको भन्दै आपत्ति प्रकट गरेको छ । दुई वर्षअघि सरकारले सामाजिक सञ्जाल संचालन गर्ने कम्पनीलाई दर्ता गर्नुपर्ने विचार राख्दा मिडियाले चर्को विरोध गरेका थिए । सरकारले सामाजिक संजाल बन्द गर्न खोजेको आरोपमा सम्पादकीय लेखिएको थियो । हिजो किन विरोध गरिएको थियो भन्ने रहस्य महालेखाको प्रतिवेदनले स्पष्ट पारेको छ । राज्यले कति राजश्व गुमाउनुपरेको छ खोजीको विषय भएको छ ।

सरकारले दुई वर्ष अघिको सोच देशको हितमा थियो भन्ने स्पष्ट छ । हिजो अप्रिय लाग्ने आज ब्यवहारिक रहेछ भन्ने बुझ्न महालेखा परिक्षकको प्रतिवेदन अध्ययन गर्न कर लागेको छ । सेवा प्रदान गर्ने सेवा प्रदायकलाई नेपालमा दर्ता गराई राजश्व असुल गर्ने व्यवस्था गर्नुपर्ने महालेखाले ठहर गरेको छ । सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्वको आधार फराकिलो बनाउन जोड दिँदै महालेखाले इ-कमर्स तथा भाइबर, म्यासेन्जर, स्काइप, विच्याट, फेसबुकलगायत सामाजिक सञ्जालमा हुने अनलाइन विज्ञापनलाई व्यवस्थित गर्न भनेको छ । ती क्षेत्रलाई करको दायरामा ल्याउन महालेखाले सरकारलाई निर्देशन दिएको छ । कुनै पनि विज्ञापन तथा सूचना प्रकशन तथा प्रसारण गरे वापत दैनिक नै ठूलो मात्रामा भुक्तानी हुने गरेको छ । सामाजिक सञ्जालमा स्पष्ट रुपमा विज्ञापन तथा सूचना देखिएपनि त्यसको भुक्तानी कार्डमार्फत हुने गरेको छ तर देशको राजश्व प्रशासनलाई त्यसबारेमा जानकारी नहुँदा सरकारको आम्दानी गुमिरहेकाले कानून बनाएर नियमन गर्न महालेखाले निर्देशन दिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : कार्यमा सफलता |
| सिंह | : मन चञ्चल | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मिर्गौला पीडितलाई सहयोग भन्दै चन्दा उठाउने तीन पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौ**

जिल्ला प्रहरी कार्यालय कास्कीको टोलीले मुलुकका विभिन्न स्थानका मिर्गौला पीडितको उपचार गर्ने बहानामा चन्दा उठाउने तीन व्यक्तिलाई पक्राउ गरेको छ ।

युनिक स्वयंसेवक नेपाल, धरान सुनसरी नामको संस्थाबाट रसिद छपाइ पोखरामा मिर्गौला पीडितको नाममा चन्दा सङ्कलन गर्ने संस्थाकी अध्यक्ष झापाको विर्तामोडकी ३४ वर्षीया एलिजा बस्नेत र सदस्यद्वय हल्दीबारीका ४४ वर्षीय धनबहादुर सेञ्चुरी तथा विर्तामोडका ३२ वर्षीय टेकबहादुर बस्नेतलाई पक्राउ गरिएको हो । प्रहरी नायब उपरीक्षक सुवास हमालका अनुसार गोप्य सूचनाका आधारमा पोखरा महानगरपालिका-२६ विजयपुर स्थित न्यू हाई वे स्टाफ होटल एण्ड लजबाट उनीहरूलाई चन्दा उठाउन प्रयोग भएका रसिद, पर्चा र रु चार लाख छ हजार ४०६ नगदसहित पक्राउ गरिएको हो । उनीहरूले १२ जना बिरामीको नाममा समूह बनाएर १० अटो ट्याम्पो भाडामा लिई कास्की, तनहुँ, स्याङ्जा, दैलेख, सुनसरी, चितवन, नवलपर ासी, पाल्पालगायतका जिल्लाबाट चन्दा सङ्कलन गर्दै आएको उहाँले जानकारी दिनुभयो । चन्दा ऐन २०३० अन्तर्गत उनीहरूको जिल्ला अदालतबाट पाँच दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

# आज जनै पूर्णिमा

**रासस**
**काठमाडौं, ५ भदौ**

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षावन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नव यज्ञोपवीत एवं रक्षावन्धन धारण गरेर मनाइँदै छ । पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाध्छन् । तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित वन, बिचलित नहोउ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षावन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ ।

**तागाधारीले यज्ञोपवीत धारण गर्दै**

आजकै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ । यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाक मात्र खाएर चोखोनीतो गरी बसिन्छ । यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन् । यसलाई श्रावणी स्नान पनि भनिन्छ ।

स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिन्छ । अरुन्धती सहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ । रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुर स्थित अशोक विनायकलगायत वाग्मती नदीको किनार र काठमाडौँ उपत्यकालगायत देशभरका मठमन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ । यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले भौतिक दूरी कायम गरी सांस्कृतिक पर्व मनाउन सरकारले आह्वान गरेको छ ।

पशुपतिनाथ मूल मन्दिरलगायत देशभरका महत्वपूर्ण मन्दिर भक्तजनका लागि बन्द गरिएको छ । मन्दिरमा नित्य पूजाबाहेकका कर्म निषेध गरिएको छ । पशुपतिनाथलगायत मन्दिर परिसरको बाहिरी क्षेत्रमा भने जनै फेर्ने र डोरो बाँध्ने भक्तजनको गत वर्ष पनि भीड लागेको थियो ।

**क्वाँटीको परम्परा**

जनै पूर्णिमाका दिन एघार थरिका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ । यसरी क्वाँटी बनाइ खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ ।

विभिन्न थरी गेडागुडीको मिसाएर बनाइएको क्वाँटीको रस खाएमा शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि हुने आयुर्वेदका चिकित्सक डा शेषराज आचार्य बताउनुहुन्छ । यसबाट चिसो गाडिएर लाग्ने रुघाखोकी जस्ता रोग पनि निको हुने उहाँले सुनाउनुभयो ।

**तराई क्षेत्रमा राखी बाँधिदै**

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदी बहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ । यसबाट दिदीबहिनी र दाजुभाइकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । काठमाडौँको उत्तरपूर्वी भेगमा रहेको मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधाम लगायतका ताल, पोखरी र कुण्डमा श्रावण शुकल पूर्णिमाका दिन बिहानैदेखि मेला लाग्ने गरेकामा यस वर्ष कोरोना जोखिमका कारण धेरै स्थानका मेला स्थगित गरिएको छ । यस पर्वका अवसरमा सरकारले सार्वजनिक बिदा दिएको छ । विगत वर्षमा सरकारले यस दिनको बिदा काटेकामा जनस्तरबाट व्यापक विरोध आएपछि बिदा दिइएको बताइएको छ ।

# म्याग्दीमा ८ करोड ५५ लाख बेरुजु

**–सन्तोष गौतम**
**म्याग्दी, ५ भदौ (रासस)**

जिल्लाका छ वटै पालिकामा अनियमितताले बर्सेनि बेरुजु रकम बढ्दै गएको छ । विकास निर्माणको काम समयमै सम्पन्न नगरेकाले अधिकांश स्थानीय तहमा बेरुजु बढेको हो । त्यस्तै कानुनविपरीत काम हुँदा र लेखापरीक्षणको क्रममा आवश्यक कागजात संलग्न नगर्दा पनि बेरुजु बढेको छ ।

गत आर्थिक वर्षमा यहाँका स्थानीय तहमा रु. आठ करोड ५५ लाख २७ हजार बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहमा नीतिगत र आर्थिक अनियमितताले विकास योजनामा बेरुजु देखिएको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ । कार्यालयका अनुसार बेनी नगरपालिकामा रु. दुई करोड आठ लाख, रघुगङ्गा गाउँपालिकामा रु. एक करोड ७० करोड ८२ हजार, धवलागिरीमा रु. एक करोड ५७ लाख आठ हजार, मालिकामा रु. एक करोड ३० लाख ५७ हजार, मङ्गलामा रु. एक करोड २५ लाख ९३ हजार र अन्नपूर्ण गाउँपालिकामा रु. ६२ लाख ८७ हजार बेरुजु देखिएको छ ।

आर्थिक वर्षको अन्तिममा ठूलो मात्रामा बजेट खर्च गर्दा प्रक्रिया पूरा नगरेको, रकमान्तर नगरी विनियोजित भन्दा फरक शीर्षकमा बजेट खर्च गरेको, सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी बिना प्रतिस्पर्धा सामग्री खरिद र योजनाका काम गरेको, नदीजन्य बस्तु कम दररेट राखेर बेचेको, उपभोक्ता समितिहरूले लगेको पेस्की फर्स्यौटमा बेवास्ता गरेको र विद्यालयमा हाजिर नगरेका शिक्षकलाई तलब दिएको जस्ता टिप्पणी प्रतिवेदनमा औंल्याइएको छ । प्रतिवेदनले सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिले प्रवेश शुल्क वापत उठाएको रु.३७ लाख ५८ हजार असुल गर्न बेनी नगरपालिकालाई निर्देशन दिएको छ । प्रवेश शुल्क र सहयोग रसिदको कूल रकमको २५ प्रतिशत कुण्ड समितिले नगरपालिकालाई उपलब्ध गराउने भनेर भएको सम्झौता अनुसारको रकम असुल्न निर्देशन दिएको हो । आर्थिक वर्ष २०७५/७६ को लेखा परीक्षण प्रतिवेदन अनुसार कुण्डले उल्लेखित शीर्षकबाट रु.८४ लाख ३५ हजार र २०७६/७७ को प्रमाणित आर्थिक विवरणअनुसार रु. ६५ लाख ९६ हजार आम्दानी गरेको थियो ।

गण्डकी प्रदेश आर्थिक ऐन, २०७६ अनुसार रोडा, ढुङ्गा, गिट्टी, वालुवाको प्रति क्युबिक फिट रु. चारका दरले कर सङ्कलन गर्ने उल्लेख भएको तर मालिका गाउँपालिकाको त्योभन्दा कम दरमा कर सङ्कलन गरेको पाइएको छ । प्रति क्युबिक रु. दुई को दरले कर सङ्कलन गरेको र मूल्य अभिवृद्धि कर बाहेक रु. १३ लाख १८ हजार कम आय प्राप्त हुनु उचित नभएको महालेखा परीक्षकको प्रतिवेदनले देखाएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः
वि. स. २००२/०३/०१ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४ /२८ गते

स्वः विष्णु माया वि. क.

यस लोहनी परिवारका सदस्य **विष्णु माया वि. क.** को ७६ वर्षको उमेरमा असामयीक निधन भएको आज ११ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सम्पूर्ण लोहनी परिवार भाइखलक**
**पोखरा-१३ बाझापाटन**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः
वि. स. २००२/०३/०१ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४ /२८ गते

स्वः विष्णु माया वि. क.

यस बाझाँपाटन (क) टोल विकास संस्थाका सदस्य केश बहादुर वि.क.को श्रीमती **विष्णु माया वि. क.** को ७६ वर्षको उमेरमा असामयीक निधन भएको आज ११ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष एवं**
**बाँझापाटन (क) टोल बिकास संस्था**
**परिवारपोखरा-१३, बाँझापाटन, कास्की**

# आमा विष्णुमायाको सम्झनामा

गोविन्द विक

जीवनको शुरुवातसंगै एउटा ध्रुर्वसत्यता पनि संगै हुन्छ त्यो हो मृत्यु। मृत्युले टपक्क टिपेर लगेपछि उनको गुण संझनामा मात्रा रहन्छ। सजीव भएर जन्मेपछि जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ । जीवन चउरेली पिङको पिर्का जस्तै हो । पिर्का कहिले माथी कहिले तल भए झै ढीलो चाँडो यो संसारबाट अवश्य पनि विद्या हुनुपर्छ । जीवनको जीउने क्रममा कसको मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन। मानीसको मृत्यु पश्चात हरेकमा केही न केही उल्लेखनीय छाप छाडेर गएको पाइन्छ। जहाँ हाम्रो परिवार र हामी अफन्त विच आमा विष्णुमाया



११ औं दिनको सन्दर्भमा

विश्वकर्मा सवैलाइ सालीन व्यवहार र वोलीले परिवारमा मात्रै नभै लोहनी परिवार भाइखलकमा सदैव घुमिरहने र नविर्सने छाप छोडेर जानु भयो । विस २०७८ साल २८ गते आमालाइ टपक्क टिपेर लग्यो । मलाइ मात्र होइन वडा वासीका हरेकको आँखा रसाए। २० सदस्य रहेको परिवारमा आमाले हरेक सँग मिलेर बस्नुको साथै मिलाएर बस्ने उहाँको प्रतिभा थियो। परिवारमा मात्र नभै सामजिक संघसस्थमा पनि अग्रसर रही कार्य गर्ने उहाँको रुची थियो।

कमलपोखरी आमा समुहको संस्थापक सदस्य रही लामो समय सेवा गर्नु भयो। आमा विष्णुमाया आफन्तसँग मात्र नभइ टोलमा पनि सवैसँग मिलेर बस्नु भएको थियो। कान्छो छोरा अझ प्यारो त्यसमा पनि आमाले बाल्यकालदेखि मलाइ दिनु भएको हरेक वोली आज अमृत बनेको छ। उहाँको बचन मेरो लागि मार्गदर्शन भइरहेको छ। मिठो वचन र सहज व्यवहारले आज पनि आमाको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र पोखरेलीले विर्सन सक्दैन।

घरमा कोही आयोकी बाबु के पिउने के खाने । बसेको दुई मिनेट हुदैन एउटा रोज्नै पर्ने । केही न केही नखाइ कसैलाइ पनि विमुख नफर्काउने आमाको सवै भन्दा राम्रो गुण थियो । आमाको स्वर्गारोहण भएकै दिन आफन्त तथा शुभचिन्तकहरुको उपस्थितिमा दाहसंस्कार गरिएको थियो । दाहसंस्कारमा सहभागी सम्पुर्ण आफन्तहरुलाई यस लेख मार्फत धेरै धेरै धन्यवाद व्यक्त गर्दछु।

# दुई महिनादेखि अवरुद्ध मनाङको विद्युत् मर्मत सुरु

– नवीन लामिछाने
मनाङ, ५ भदौ (रासस)

गत असार १ गते आएको बाढीपहिराले दुई महिनादेखि यहाँका जनता विद्युत् सेवाबाट वञ्चित भएका छन् । लघु जलविद्युतमा निर्भर रहेको जिल्लामा राष्ट्रिय प्रसारण लाइन मर्मतको प्रक्रिया थालिएको छ।

राष्ट्रिय प्रसारण लाइनमा बाढीले क्षति पुऱ्याएपछि दुई महिनादेखि विद्युत्विहीन बनेको छ । अहिले सरकारी कार्यालयसहित बैंक तथा वित्तीय संस्थाको काम सौर्य ऊर्जाबाट मात्रै चलिरहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछाने बताउनुभयो । उहाँका अनुसार सौर्य ऊर्जाले चलाइरहेकाले राष्ट्रिय प्रसारण लाइन मर्मत गरी विद्युत् आपूर्ति गर्न मर्मतको काम थालिएको छ । सदरमुकाम चामेदेखि भ्राताङसम्म २०७७ माघमा पहिलोपटक राष्ट्रिय प्रसारण लाइनको विद्युत् आपूर्ति भएको थियो । जिल्लामा लमजुङको मस्याङ्दी-५ घेर्मुस्थित राधी साना जलविद्युत् आयोजनामा निर्मित सवस्टेसनबाट २९ किलोमिटर तार टाँगेर ३३ केभी विद्युत् प्रसारण लाइन चामेको स्यार्कुस्थित सवस्टेसनमा जडान गरिएको थियो।

नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख इञ्जिनियर मिलन सुवेदीले लगातारको वर्षासँगै आएको बाढीपहिराले प्रसारण लाइन मर्मत कार्य थालिएको बताउनुभयो । उहाँका अनुसार बाढीपहिराले प्रसारणमा रु एक करोड ७० लाख बराबरको क्षति पुगेको छ । बाढीले यहाँ जोड्ने राधी हाइड्रो-स्यार्कु ३३ केभी प्रसारण लाइनसहित स्याक्यूरु-चामे ११ केभी र भित्री भागमा ४०० भोल्टका पोल तथा तारमा समेत क्षति पुगेको सुवेदीले जानकारी दिनुभयो । बाढीपहिराले ३३ केभी लाइनको ८.४ किलोमिटरका ११६ खम्बा र ५.६ किलोमिटरको ११ केभी लाइनका ८८ खम्बामा क्षति पुऱ्याएको छ। चार सय भोल्टका ५१ खम्बामा क्षति पुगेको सुवेदीले बताउनुभयो। बाढीपहिराका कारण विभिन्न ठाउँमा सडक बगाएकाले खम्बा गाड्ने मार्गको पहिचान गर्न सकिएको छैन । अहिले बेंसीशहरदेखि तालसम्मको बाटो खुलेसँगै नेपाल विद्युत् प्राधिकरण जिल्ला शाखाले खम्बा, तार र अन्य निर्माण सामग्री व्यवस्थापन गरी निर्माणस्थलसम्म ढुवानीको प्रक्रिया थालेको प्रमुख सुवेदीले बताउनुभयो। उहाँले लाइनमा प्रयोग हुने इन्सुलेटरलगायत अन्य सामग्री भारतबाट ल्याउनुपर्ने भएकाले प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो।

लाइन मर्मत कार्य सुरु भइसकेकाले अबको एक महिनामा सम्पन्न भई जिल्लामा विद्युत् आपूर्ति गरी बिजुली बल्ने उहाँले बताउनुभयो। नासों गाउँपालिका-१ तालगाउँबाट मर्मत सुरु गरेर स्याक्यू, चामे हुँदै भ्राताङसम्म लाइन मर्मत गरिने प्राधिकरणले जनाएको छ।

# 'उस्मान अली बचाऊ'अभियानमा २३ लाख संकलन

पोखरापत्र संवाददाता
तनहुँ, ५ भदौ

शुक्लागण्डकी नगरपालिका-५ निवासी नौ महिने बालक उस्मान अलीको उपचारका लागि रकम जुट्ने क्रम जारी रहेको छ। विश्वकै दुर्लभ रोगमध्येको एसएमए (इस्पाइनल मस्कुलर एट्रोफी) रोगबाट ग्रसित बालकको उपचारका लागि सहयोग रकम जुट्न थालेको हो।

बालकको उपचारको लागि हालसम्म करिब रु २३ लाख सङ्कलन भइसकेको बालकका मामा अप्पु मियाँले जानकारी दिनुभयो। भान्जाको उपचारका लागि सबै क्षेत्रबाट सक्रिय भएर आर्थिक सङ्कलन कार्य भइरहेकाले नयाँ जीवन पाउने आशा पलाएको उहाँले बताउनुभयो । उक्त रोगको उपचार नेपालमा नहुने र उपचारका लागि विदेश लैजानुपर्ने हुँदा खर्चिलो हुने बताइएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २०१६/०४/२२ गते

स्वर्गारोहणः
वि.स. २०७७/०४/१९ गते

**स्वः टोप बहादुर दर्लामी**

नेपाल मगर संघ नमूना एकाई समिति पोखरा-१४ कास्कीका सदस्य भोजबहादुर दर्लामीको पुजनीय पिता गुल्मी रुरु क्षेत्र गाउँपालिका वडा नं. ६ रिमुवा निवासी **टोप बहादुर दर्लामी** को ६१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज वार्षिक दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ओम श्रीस मगर**
**अध्यक्ष तथा**
**नमूना एकाई समिति परिवार**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २००२/०३/०१ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४ /२८ गते

**स्वः विष्णु माया वि. क.**

हाम्रा आत्मीय मित्रद्वय उत्तम वि.क. तथा गाविन्द वि.क.का ममतमयी आमा पोखरा-१३ बाझापाटन निवासी **विष्णु माया वि. क.** को उपचारको क्रममा ७६ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडीमा हामी **HONGKONG** तथा अन्य देशमा रहने सम्पूर्ण साथीहरुले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै आमाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ध्रुब राज गौतम H K**
**डिल्ली राम विश्वकर्मा H K**
**टेक बहादुर गुरुङ (प्रेम कान्छा) H K**
**कृष्ण गुरुङ H K**
**टेक बहादुर गुरुङ (भाइ कान्छा) H K**
**रोशन गुरुङ H K**
**भोज गुरुङ H K**
**रमेश गुरुङ H K**
**प्रकाश गुरुङ H K**
**दिल गुरुङ (दिल भेना) H K**
**भिमकाजी गुरुङ U K**
**मोहन गुरुङ U K**